**ईश्वरपुर नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**प्रदेश नं. २, नेपाल**

# बजार ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/०६**

ईश्वरपुर नगरपालिकाले आ.ब. २०७८/०७९ (२०७८/०५/०१ देखि २०७९ असार मसान्त) को लागि नगरपालिका क्षेत्र भित्रका स्थानीय बजारहरुबाट राजश्व संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र खरिद सम्बन्धी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु कार्यालयका कर्मचारीहरु तथा दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको अपरान्ह २:०० बजे ईश्वरपुर नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता तथा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. दरभाउ पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगतै कार्यालय खुलेको दिन हुनेछ ।
४. केरमेट गरी सही नगरेको, सहीछाप नभएको म्याद नाघी पर्न आएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।
५. दरभाउपत्र दर्ता गर्ने व्यक्तिले आफुले कबुल गरेको अङ्कको ५% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको धरौटी खाता नं. १०९०३००००३०००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क बर्गको मान्यता प्राप्त गरेको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति दरभाउपत्र फाराम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्र दाताले भरेको कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर तथा राजश्व रकम ठेकेदार स्वयम्ले बुझाउनु पर्नेछ ।
८. ठेक्का स्वीकृत भई किस्ता बन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता वापत ठेक अंकको ४०% रकम सम्झौता गर्नु पूर्व र बाँकी ६०% किस्ताको रकम बराबरको परफरमेन्स बन्ड नेपाल राष्ट्र बैंकबाट क बर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुलउपर गर्नेछ ।
१०. ठेकेदारले दरभाउपत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ ।
११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।
१२. ठेक्का चलान, ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाईनेछ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।
१३. दरभाउपत्रदाता र नगरपालिका कार्यालय बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भए नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
१४. यस सूचनामा उल्लेख नभएका कुराको हकमा स्थानीय सरकार संचालन ऐन-२०७४, सार्वजनिक खरिद ऐन-२०६३ तथा नियमावली (२०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली-२०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयको राजश्व उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | बजारको नाम | ठेगाना | न्यूनत्तम ठेक अंक | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| १ | चौलिखा बजार | वडा नं.-१ | २,३०,०००।०० | १,०००।०० |
| २ | बीरेन्द्र बजार | वडा नं.-२ | १०,०००।०० | १,०००।०० |
| ३ | सागरनाथ खाल्टे बजार | वडा नं.-४ | ३०,०००।०० | १,०००।०० |
| ४ | महेन्द्र बजारको गोरु बजार | वडा नं.-६ | १६,५०,०००।०० | १,०००।०० |
| ५ | महेन्द्र बजारको गुद्री बजार | वडा नं.-६ | १०,००,०००।०० | १,०००।०० |
| ६ | महेन्द्र बजारको सुंगुर बजार | वडा नं.-६ | १,००,०००।०० | १,०००।०० |
| ७ | महेन्द्र बजारको पाडा काटमार बजार | वडा नं.-६ | १,२२,०००।०० | १,०००।०० |
| ८ | महेन्द्र बजारको बाखा बजार | वडा नं.-६ | ७,००,०००।०० | १,०००।०० |
| ९ | रामपुर खाल्टे बजार | वडा नं.-८ | २२,०००।०० | १,०००।०० |
| १० | खैरा बजार | वडा नं.-१० | ८५,०००।०० | १,०००।०० |
| ११ | माहारानी बजार | वडा नं.-१३ | १,२०,०००।०० | १,०००।०० |
| १२ | बिश्वकर्मा बजार | वडा नं.-१४ | ५५,०००।०० | १,०००।०० |
| १३ | जानकी बजार | वडा नं.-१४ | २०,०००।०० | १,०००।०० |
| १४ | सोकनाहा बजार | वडा नं.-१५ | १,३०,०००।०० | १,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**